## आरुघाट गाउँपालिकाको १९ औ गाउँसभा:

मिति : २०८३/३/०९ समयः दिनको १ वजे स्थानः गाउँपालिकाको सभाहल

### १९ औ गाउँसभाको पहिलो बैठकका प्रस्तावहरु

१. आरुघाट गाउँपालिकाको आ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम सभामा पेस तथा पारित गर्ने ।
२. आ.व. २०८३/८४ को वार्षिक विकासको बजेट तथा कार्यक्रम सभामा पेस गर्ने ।
३. आरुघाट गाउँपालिकाको आर्थिक बिधेयक २०८३ र बिनियोजन बिधेयक २०८३ सभामा पेस गर्ने ।
४. आरुघाट गाउँपालिकाका विभिन्न समिति तथा उपसमितिको वार्षिक प्रतिवेदन सभामा पेस गर्ने सम्बन्धमा ।
५. आ.व. २०८२/८३ मा अघिल्लो गाउँसभा, कार्यपालिका एवं अन्य समितिबाट गरिएको निर्णय बमोजिम भएको प्रशासनिक र आर्थिक क्रियाकलापको अनुमोदन सम्बन्धमा ।
६. बिबिध

### गाउँसभाको निर्णयहरु

निर्णय नं. १

मिति २०८३/३/०९ गते १९ औं गाउँसभाको सुरु गर्दै सभाध्यक्ष एवं आरुघाट गाउँपालिकाको अध्यक्ष राजु गुरुङ ज्यूबाट आ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम बाचन गरी सभामा पेस भयो र सर्वसम्मतिबाट वार्षिक नीति तथा कार्यक्रम पारित गरियो ।

निर्णय नं. २

आरुघाट गाउँपालिकाको आ.व. २०८३/८४ को लागि वार्षिक बजेटको रुपमा कुल रु. ६० करोड ९२ लाख ५० हजारको आय व्यय संलग्न भएको बजेट बक्तब्य उपाध्यक्ष एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक कल्पना नेपालीज्यूबाट सभामा पेस भयो । सभाले पेस भएको बजेट माथि थप छलफल गरी आवश्यक परिमार्जन सहित सभाको दोस्रो बैठकमा पेस गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ३

आरुघाट गाउँपालिकाको आ.व. २०८३/८४ को लागि गाउँपालिकाको करको दररेट समावेश भएको आर्थिक बिधेयक २०८३ र आ.व. २०८३/८४ को खर्च गर्ने सम्बन्धी प्रस्ताव भएको बिनियोजन बिधेयक २०८३ सभामा उपाध्यक्ष कल्पना नेपाली ज्यूबाट पेस भई पुन: संशोधित कार्यक्रमका साथ बजेट पेस भए पछि आर्थिक बिधेयक

राजु गुरुङ
अध्यक्ष

२०८३ र आ.व. २०८३/८४ को खर्च गर्ने सम्बन्धी प्रस्ताव भएको बिनियोजन बिधेयक २०८३ माथि सभामा दफावार छलफल गरि अर्को बैठकबाट पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

आरुघाट गाउँपालिकाका विभिन्न समिति तथा उपसमितिले तयार गरेको देहाय बमोजिमको वार्षिक प्रतिवेदन सम्बन्धित समितिका संयोजक मार्फत सभामा पेस भई पारित गर्ने निर्णय गरियो ।

क. न्यायिक समितिको प्रतिवेदन
ख. अनुगमन समितिको प्रतिवेदन
ग. राजश्व परामर्श समितिको प्रतिवेदन
घ. आर्थिक विकास समितिको प्रतिवेदन
ङ. सामाजिक विकास समितिको प्रतिवेदन
च. पूर्वाधार विकास समितिको प्रतिवेदन
छ. वातावरण तथा विपद व्यवस्थापन समितिको प्रतिवेदन
ज. सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन
झ. गाउँपालिकामा कार्यरत कर्मचारीहरुको वार्षिक तलवी प्रतिवेदन

निर्णय नं. ५

आ.व. २०८२/८३ मा अघिल्लो गाउँसभा, कार्यपालिका एवं विभिन्न समितिबाट गरिएको निर्णय बमोजिम भएको प्रशासनिक र आर्थिक क्रियाकलापको अनुमोदन गरिदिने प्रस्ताव उपाध्यक्ष कल्पना नेपालीज्यूबाट सभामा पेस भई सर्वसम्मति बाट प्रस्ताव अनुमोदन गरियो ।

निर्णय नं. ६ बिबिध

आरुघाट गाउँपालिकाको आर्थिक विकास समितिका संयोजक मुरारी खनाल ज्यूबाट गाउँपालिका भित्रका विभिन्न ६ विधाका उत्कृष्ट ६ जना कृषकहरुलाई नगद पुरस्कार रु ६ हजार सहित सम्मानित गर्ने प्रस्ताव गाउँसभामा पेस भई सर्वसम्मतिले अनुमोदन गरियो ।

आरुघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आरुघाट, गोरखा, गण्डकी प्रदेश, नेपाल

राजु गुरुङ
अध्यक्ष

## आरुघाट गाउँपालिकाको १९ औ गाउँसभा:

मिति : २०८३/३/३० समयः दिनको ३ वजे स्थानः गाउँपालिकाको सभाहल

### १९ औ गाउँसभाको दोस्रो बैठकको प्रस्तावहरु

१. आ.व. २०८३/८४ को वार्षिक बजेट, बिनियोजन बिधेयक २०८३ र आर्थिक बिधेयक २०८३ पारित गर्ने सम्बन्धमा

२. गाउँपालिकामा कार्यरत कर्मचारीहरु मध्येबाट उत्कृष्ट कर्मचारी सम्मान तथा पुरस्कार सम्बन्धमा।

३. आरुघाट गाउँपालिकाको संगठन संरचना तथा दरबन्दी तेरिज सम्बन्धमा।

४. विविध।

### गाउँसभाको निर्णयहरु

निर्णय नं. १ :

आरुघाट गाउँपालिकाको आ.व. २०८३/८४ को मिति २०८३/३/०९ मा गाउँसभाको पहिलो बैठकमा पेस भएको बजेट बक्तब्य अनुसारको बजेट तथा कार्यक्रममा वजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति र गाउँ कार्यपालिकामा आवश्यक छलफल तथा परिमार्जन सहित सभामा पेस भएको रु. ६० करोड ९२ लाख ५० हजारको आय व्यय अनुमान सहितको बजेट तथा कार्यक्रम उपाध्यक्ष कल्पना नेपालीले सभामा प्रस्तुत गरी छलफल भई सर्व सम्मतिबाट पारित गरियो। त्यसै गरी आ.व. २०८३/८४ मा उठाउनु पर्ने राजश्व र करको दररेट समेटिएको आर्थिक बिधेयक २०८३ र आ.व. २०८३/८४ मा खर्च गर्न बनेको बिनियोजन बिधेयक २०८३ सर्वसम्मतिबाट पारित गरियो। बजेट तथा कार्यक्रम अनुसूचीमा-१ मा उल्लेख भए बमोजिम रहेको छ।

निर्णय नं. २

आरुघाट गाउँपालिकामा कार्यरत कर्मचारीहरु मध्ये देहायका कर्मचारीहरुलाई गाउँपालिकाको उत्कृष्ट कर्मचारीको रुपमा रु ३०,०००।– नगद पुरस्कार सहित सम्मान गर्ने प्रस्ताव सार्वजनिक सेवा समितिका सदस्य श्री सज्जित श्रेष्ठबाट गाउँसभामा पेस भई गाउँसभाबाट सर्वसम्मतले पारित गरियो।

क.जनस्वास्थ्य निरिक्षक श्री कुशल थापा उपरकोटी

ख. कार्यालय सहयोगी श्री शेर बहादुर गुरुङ

आरुघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आरुघाट, गोरखा गण्डकी प्रदेश, नेपाल

राजु गुरुङ
अध्यक्ष

निर्णय नं. ३

आरुघाट गाउँपालिका अन्तर्गत गाउँ कार्यपालिकाको कार्यालय, कृषि तथा पशुसेवा शाखा, मातहतका वडा कार्यालयहरु, आरुघाट आधारभूत अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा आवश्यक कर्मचारीको दरबन्दी तेरिज संगठन तथा सुशासन समितिको संयोजक राम कुमार उपरकोटीद्वारा सभामा पेस भई सर्वसम्मत रुपमा पारित गरियो। दरबन्दी तेरिज अनुसूचीमा उल्लेख भए बमोजिम रहेको छ।

निर्णय नं.४ विविध

क. आरुघाट गाउँपालिकाको आ.व. २०८३/८४ को पारित वार्षिक बिकासको कार्यक्रममा आवश्यक संशोधन र परिमार्जन आवश्यक परेमा पछि बस्ने सभाले अनुमोदन गर्ने गरी परिमार्जनको निर्णय गर्न र कार्यान्वयन गर्न आरुघाट गाउँपालिकाको कार्यपालिकालाई अख्तियारी दिने निर्णय गरियो।

ख. आरुघाट गाउँपालिका र मातहतका कार्यालयमा कार्यरत स्थानीय सेवाका स्थायी कर्मचारीहरुलाई गाउँपालिकबाट कार्यविधि वमोजिम उपलब्ध गराउँदै आईएको सेवा सुविधा तथा प्रोत्साहन भत्तालाई यथावत कायम गर्दै नेपाल सरकारद्वारा गरिएको तलव बृद्धि वमोजिम १०% तलवबृद्धि गरी बृद्धि पश्चातको तलवमानमा थप १०% रकम प्रोत्साहन भत्ता वापत प्रदान गर्ने तथा गाउँपालिका स्रोतका करार सेवाका कर्मचारीहरुको हकमा न्युनतम पारिश्रमिक १९५५०।– कायम गर्ने तथा खाईपाई आएको तलबमानमा १०% वृद्दि गर्ने निर्णय गरियो।

ग. आरुघाट गाउँपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरुको आ.व. २०८२।८३ को तलवी प्रतिवेदन सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो।

आरुघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आरुघाट, गोरखा गण्डकी प्रदेश, नेपाल

राजु गुरुङ
अध्यक्ष